फोन:०५६-४१०१२२/४१०१११
इमेल:ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०७९/८०
च.नं.

मिति: २०७९।०८।२०

## करारमा कमर्चारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०७९।०८।२०)

यस इच्छाकामना गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कुरिनटार चितवनमा करार सेवामा कर्मचारी पदपूर्ति गर्न आवश्यक भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफूले हासिल गरेको शैक्षिक योग्यता, अनुभव र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित यस कार्यालयमा रितपूर्वक आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०५/२०७९-८० | मेडिकल अधिकृत | स्थानीय सेवाको अधिकृतस्तर आठौं तह सरह | १ | रु १,२००।- |
| २. | ०६/२०७९-८० | कृषि स्नातक प्राविधिक | स्थानीय सेवाको अधिकृतस्तर छैठौं तह सरह | १ | रु १,२००।- |
| ३. | ०७/२०७९-८० | पशु स्नातक प्राविधिक | स्थानीय सेवाको अधिकृतस्तर छैठौं तह सरह | १ | रु १,२००।- |
| ४. | ०८/२०७९-८० | सब- इन्जिनियर | स्थानीय सेवाको सहायकस्तर पाँचौं तह सरह | १ | रु ७००।- |

१. **छनौटको किसिमः** संक्षिप्त सूची प्रकाशन र अन्तर्वार्ता।

२. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क. **मेडिकल अधिकृतको लागिः-** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS योग्यता प्राप्त गरी (NMC) नेपाल मेडिकल काउन्सिल दर्ताको परीक्षा पास गरेको तथा प्रमाण पत्र प्राप्त गरेको ।

ख. **कृषि स्नातक प्राविधिकको लागिः-** नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण भएको ।

ग. **पशु स्नातक प्राविधिकको लागिः-** नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा B.VSc. & A.H./B.V.Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण गरी पशु चिकित्सा परिषदमा दर्ता भएको ।

घ. **सब- इन्जिनियरको लागिः-** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट इन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण भएको।

३. **आवेदन दिने स्थानः** इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन ।

४. **आवेदन दिने अन्तिम मितिः** २०७९/०९/०५ सम्म (आवेदन पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समय भित्र ।)

५. **उमेर हदः-** आवेदन दिने अन्तिम मितिसम्म सब इन्जिनियरको हकमा १८ बर्ष र अन्यको हकमा २१ बर्ष पूरा भई ३५ वर्ष ननाघेको । महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० बर्ष ननाघेको ।

६. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

क. नागरिकताको प्रतिलिपि
ख. न्यूनतम योग्यताको लब्धाङ्कपत्रको प्रतिलिपि
ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
घ. २ प्रति पासपोर्ट साइजको फोटो
ङ. आवेदन दस्तुर तिरेको रसिद
च. कामसँग सम्बन्धित अनुभव भए अनुभव पुष्टि गर्ने कागजातको प्रतिलिपि
छ. कम्प्युटर सीप आवश्यक पर्नेमा सो को प्रमाणपत्रको प्रतिलिपि

***(नोटः आवेदन साथ पेश गरेका कागजातहरूको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरेको हुनुपर्दछ ।)***

७. **अन्तर्वार्ता मितिः** संक्षिप्त सूची प्रकाशनसँगै तोकिने छ ।

८. **सेवा सुविधा तथा अन्यः** गाउँ कार्यपालिकाले तोके बमोजिम ।

*पुनश्चः आवेदनको ढाँचा र अन्य जानकारीको लागि यस गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला ।*

प्रमुख प्रशासकीय अधिकृत